REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 12.07.2024

- **Bhanu Jayanti**

दुई सय दशौं भानु जयन्ती आज राज्यका विभिन्न ठाउँमा पालन गरियो। यता राजधानी गान्तोकमा राज्य स्तरीय समारोह दुई चरणमा पालन गरियो।

नेपाली साहित्य परिषद, सिक्किमद्वारा आयोजित समारोहको पहिलो चरणको कार्यक्रम सधैं झैं बिहान स्थानीय जीरो पोइन्टस्थित भानु उद्यानमा सम्पन्न भयो। यस अवसरमा मुख्य अतिथिको रूपमा उपस्थित राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले आदि कवि भानुभक्त आचार्यको प्रतिममा माला अनि श्रद्धाञ्जली अर्पण गर्नुभयो। कार्यक्रममा मन्त्रीगण, विधायकगण एवं नागरिक समाजका विभिन्न तह र तप्काका प्रतिनिधिहरूको उपस्थिति थियो।

नेपाली भाषामा आफ्नो सम्बोधन राख्ने क्रममा राज्यपाल श्री आचार्यले भाषा कुनै पनि संस्कृतिको महत्त्वपूर्ण हिस्सा हो भन्दै भाषाले नै कुनै पनि समाजको रीतिरिवाज, मूल्य र धारणालाई अभिव्यक्त गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, जब भाषा जीवित रहन्छ र यसको विकास हुन्छ, तब त्यससँग सम्बन्धित संस्कृति पनि जीवन्त रहन्छ। राज्यपालले भन्नुभयो, भाषा नै हो, जसले संस्कृतिलाई पुस्तौंदेखि पुस्तामा स्थानान्तरण गर्छ, त्यसैले भाषा विकासले संस्कृति र परम्पराहरूलाई पनि जीवित राख मद्दत गर्छ। आदि कवि भानुभक्त आचार्यलाई उहाँले विश्वभरी छरिएर बसेका सम्पूर्ण नेपाली भाषीहरूका निम्ति साहित्यको प्रेरणाको स्रोत बताउनुभयो।

भानुभक्त आचार्यको प्रतिमामा श्रद्धाञ्जली अर्पणपछि परम्परागत रुपमा भानु उद्यानबाट शुरू भएको विराट शोभायात्रा जीरो पोइन्ट, भानुपथ, तिप्पत पथ, एमजी मार्ग, राष्ट्रिय राजमार्ग दश, हस्पिटल डाँड़ा हुँदै दोस्रो चरणको कार्यक्रमस्थल मनन केन्द्रमा पुगेर विसर्जन भयो।

----------------------------------------X----------------------------------------

- **Bhanu Jayanti Mannan Kendra**

यता मनन् केन्द्रमा आयोजित दोस्रो चरणको समारोहबीच यस वर्षको भानु पुरस्कार भाषा र साहित्यको सेवामा लामो समयदेखि योगदान पुऱ्याउनुहुने डाक्टर शोभाकान्ति थेगिम मेमोरियल ट्रस्टका संस्थापक श्री डुप छिरिङ लेप्चालाई प्रदान गरिएको छ। यस अवसरमामा प्रमुख अतिथि साथै विशिष्ट अतिथिको बाहुलीद्वारा उहाँलाई पुरस्कार स्वरुप ताम्रपत्र, प्रशस्ति पत्र र नगद राशि एक्काउन हजार रुपियाँ प्रदान गरियो।

ग्रामीण विकास विभाग मन्त्री श्री अरुण उप्रेती प्रमुख अतिथि रहनुभएको समारोहमा भाषा गौरव सम्मान भोटिया भाषाका ज्ञाता श्री कर्मा लोब्जाङ भोटिया अनि लेप्चा भाषाका ज्ञाता श्री दावा छिरिङ लेप्चालाई प्रदान गरियो। यसैगरी वर्ष २०२४-को सेवाश्री सम्मान विभिन्न विधामा योगदान पुऱ्याउने नौंजना व्यक्तित्वहरुलाई प्रदान गरियो। यीमध्ये भाषा सेवाश्री सम्मान भाष्कर पौड्याललाई, साहित्य सेवाश्री सम्मान उद्धव गोपाल श्रेष्ठलाई, सङ्गीत सेवाश्री सम्मान धनकुमार गुरुङलाई, नाट्य सेवाश्री सम्मान डाक्टर भरत वशिष्ठलाई, चित्रकारिता सेवाश्री सम्मान नन्दु दुतराजलाई अनि नृत्य सेवाश्री सम्मान गायत्री राई, कला भोटिया र ममता सिंहलाई प्रदान गरियो।

आज आयोजित कार्यक्रमको प्रमुख आकर्षण विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरुलाई प्रदान गरिने सम्मानहरु रहेका थियो।

समरोहमा नेपाली साहित्यद्वारा प्रकाशित पुस्तक भानु स्मारिकाको लोकार्पण गर्नका साथै विभिन्न साहित्यकारद्वारा रचित पुस्तक पनि विमोचन गरियो।

प्रमुख अतिथि मन्त्री श्री उप्रेतीले भानुभक्त बिना नेपाली साहित्यको इतिहास अधुरो रहने बताउनुभयो। श्री उप्रेतीले भानुभक्तले समाजमा एकता र सुधारको भावना जगाएको बताउँदै उहाँले दिएको शिक्षा र देखाएको मार्गलाई आत्मसात गरेर अघि बढ्न सबैसित अग्रह गर्नुभयो।

कार्यक्रममा अन्तर विद्यालय साथै खुल्ला स्तरका रामायण पाठ प्रतियोगितमा प्रथम हुने मोडर्न उच्चतर माध्यमिक विध्यालयका विद्यार्थीहरु साथै प्रणिता शर्माले रामायण पाठ प्रस्तुत गरे। यसरी नै कविता वाचन प्रतियोगितामा अन्तर विद्यालय तहका विजेता टीएनए वरिष्ठ मध्यमिक विद्यालयका छात्र पासङ छिरिङ तामाङ साथै खुल्ला स्तरकी विजेता सोरेङ निवासी बबिता खालिङले कविताहरु प्रस्तुत गरे।

--------------------------------------X--------------------------------------

- <u>CM Bhanu Jayanti Message</u>

यस अवसरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यवासीलाई दुई सय दशौं भानु जयन्तीको शुभकामना दिनुभएको छ।

परम्परा, जातीयता, बौद्धिकता र भक्तिसित जोड़िएको यस जयन्तिमा मुख्यमन्त्रीले मानिसहरूबीच एकता, अखण्डता, मैत्री, साम्प्रदायिक सद्भाव र आत्मीयता प्रगाण होस् भनी कामना गर्नुभएको छ।

--------------------------------------X--------------------------------------

- <u>Fire Incident</u>

नाथाङ-माचोङकी क्षेत्र विधायक श्रीमती पामिन लेप्चाले हिजो बिहान नाथाङ GPU-को याक्ला गाउँमा घरमा भएको आगलागीको घटनाको निरीक्षण गर्नुभयो। यस अवसरमा उहाँसित अन्य बाहेक गान्तोकका जिल्ला योजना अधिकारी र नान्डोकका खण्ड विकास अधिकारी हुनुहुन्थ्यो।

आगलागीमा पाँचवटा घरलाई क्षति पुगेको छ, जसमध्ये दुईवटा घर धेरै क्षतिग्रस्त भएका छन्। आगोलाई काबुमा ल्याउन अग्निसमन, पुलिसकर्मी, सेनाकर्मी तथा स्थानीयको सामुहिक प्रयास रहेको थियो।

यस अवसरमा विधायक श्रीमती लेप्चाको बाहुलीद्वारा प्रभावित परिवारलाई राज्य आपदा प्रतिक्रिया बलको नियमअनुरूप अनुग्रह राशि प्रदान गरियो। यसका साथै तत्काल उपायको रूपमा तारपोलिन र पोली पाइप जस्ता राहत सामग्रीहरू पनि प्रभावित परिवारलाई प्रदान गरियो।

---------------------------------------X---------------------------------------

- <u>Paryavaran Parva</u>

मंगनका लिङचोम-तिङदा, मेनरोङगोङ, काबी-रोङपा, पाने फेन्सोङ, सिङहिम-नामपताम, टुङ-नागा, माङशिला र तिङचिम-चाँदे आदि GPU-लाई समेट्दै आज पर्यावरण पर्व पालन गरियो। वन एवं पर्यावरण विभागद्वारा आयोजित कार्यक्रममा लिङचोम-तिङदाकी जिल्ला पञ्चायत सदस्य श्रीमती लाक्पा पुटीको विशेष उपस्थिति रहेको थियो।

कार्यक्रमको विषय रहेको थियो जल संरक्षण एवं पुनर्स्थापना अथवा Water Conservation and Rejuvenation।

---------------------------------------X---------------------------------------